जनहितमा जारी सन्देश !

सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ बमोजिम

**सामाजिक न्यायमा रोल्पा नगरपालिका**

जातीय छुवाछुत एक दण्डनीय अपराध हो कसैले कसैलाई भेदभाव नगरौं ।

# स्वत प्रकाशन

गरिएको...

जन्म, मृत्यु, बिवाह, सम्बन्ध बिच्छेद बसाईसाई जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्रै नै गर्ने गरौ ।

जनहितका लागि :

**सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा**

वर्ष : १, अंक : २ मिति : २०८० साल माघ २६ शुक्रबार 9 Feb. 2024 पृष्ठ : २








## स्वत प्रकाशन सम्बन्धमा

महेन्द्र पराजुली (उप सचिव)



सूचनाको हक सम्बिन्धी २०६४ तथा नियमावली २०६५ बमोजिम रोल्पा नगरपालिकाबाट विकास निर्माण सेवा सेवा प्रवाहमा सुशासन कायम गर्ने सन्दर्भमा आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक अवधिमा भएका गतिविधिलाई सरोकारवालको जानकारीका लागि स्वत प्रकाशनको रुपमा प्रस्तुत गर्ने जमर्को गरेको छौ ।

नागरिकको सूचनाको हकलाई सम्मान गर्दै पहिलो प्रकाशन भएकाले सुझाव सल्लाह मार्ग निर्देशनको अपेक्षा गर्दछौ ।

### संरक्षक



श्री सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख



श्री गीता आचार्य
नगर उप-प्रमुख

### सम्पादन मण्डल

श्री टंकबहादुर गिरी सदस्य
श्री महेन्द्र पुन सदस्य
श्री सुशिल कुमार थापा सदस्य
श्री धर्मराज डाँगी सदस्य
श्री रेशम आचार्य सदस्य
श्री बसन्त गिरी सदस्य
श्री राजिव बुढा सदस्य
श्री प्रमिला घर्तीमगर सदस्य

**संयोजक**
श्री सुदिप डाँगी

**सेटिङ तथा डिजाइन**
श्री टेकबहादुर बिक

सम्पर्क :
रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिबाङ, रोल्पा
फोन : ०८६४४००७५
वेब साईट : rolpamun.gov.np
ईमेल : rolpanagarpalika@gmail.com
सूचना अधिकारी : सुशिल कुमार थापा



श्री सुरेन्द्र थापा (घर्ती)
नगर प्रमुख
मोबाईल : ९८५७८२२०८५



श्री गीता आचार्य
नगर उप-प्रमुख
मोबाईल : ९८४४९३९९६४



श्री महेन्द्र पराजुली
उपसचिव
मोबाईल : ९८५७८९१२३४

## रोल्पा नगरपालिका संक्षिप्त जानकारी

रोल्पा नगरपालिका २७६.४२ बर्ग कि.मी. क्षेत्रफल रहेको पहाडी जिल्लामा पर्ने यो नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्दछ । पूर्वमा सुनिल स्मृति गाउँ पालिका, उत्तरमा थवाङ र सुनछहरी गाउँपालिका, पश्चिममा माडि गाउँपालिका र दक्षिणमा रुण्टिगढी गाउँपालिका र त्रिवेणी गाउँपालिकारहेको यो नगरपालिका रोल्पा जिल्लाको सदरमुकाम पनि हो । सडक सञ्जाल, शिक्षा, पर्यटन जस्ता विविध पक्षहरुमा विकासोन्मुख रुपमा रहेको नगरपालिका प्राकृतिक रुपमा अति लोभलाग्दो छ । पालिका भित्र उच्च मा.वि. माध्यमिक, आधारभूत, प्राथमिक र निजी स्कुलहरु रहेका छन । जलजला बहुमूखि क्याम्पस तथा सि.टि.ई.भि.टी. प्राविधिक शिक्षालय रहेको यो पालिका शिक्षा क्षेत्रमा पनि उन्मुख हुँदै गरेको छ । वि.सं.२०७८ सालको जनगणना अनुसार ३५ हजार ३ सय ७६ रहेको जनसंख्या रहेको छ । यस नगरपालिकामा १० वटा वडा रहेका छन । चारैतिर बगेको नदी तथा जलजला, सातदोबाटो र दारबोट जस्ता उच्च स्थानमा रहेका मनोरम ठाउँहरुले गर्दा पनि यो नगरपालिका साच्चिकै मनोरम रहेको छ । जनघनत्वा १३१ रहेको नगरपालिकामा पुरुष ४५.७ र महिलाको ५४.३ प्रतिशत रहेकोछ । ८ हजार ७ सय ४५ जनघनत्व रहेको रोल्पा नगरपालिकाको ७९ प्रतिशत साक्षरतादर रहेको छ ।

बाँकी २ पेजमा

### सूचना !



### सूचना अधिकारी



नाम : सुशिल कुमार थापा
पद : अधिकृत छैठौ
सम्पर्क : ९८५७८७७००९
कार्यालय : रोल्पा नगरपालिका रोल्पा
इमेल : sushi36885@gmail.com

## शिक्षा शाखा



# नगरपालिकाको शिक्षा क्षेत्रमा थप सुधार

कर्णबहादुर पुन (शिक्षा अधिकृत)

रोल्पा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट निरन्तर रुपमा नगरपालिका भित्रका प्रधानाध्यापकहरुको नियमित बैठक हुँदै आएको छ । पछिल्लो सयम नगरपालिकाका १० वटै वडाहरुमा अभिभावक शिक्षा कार्यक्रम संचालन भई रहेको छ ।

युनिसेफको आर्थिक सहयोगमा स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकास कार्यविधि निर्माण सम्बन्धी परामर्श कार्यशाला समेत भर्खरै सम्पन्न भएको छ ।



स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को आ.व. २०७९/०८० को रोल्पा जिल्लाका स्थानीय तहहरूको नतिजा

| क्र.सं. | पालिकाको नाम | जम्मा प्राप्ताङ्क |
|---|---|---|
| १ | रोल्पा नगरपालिका | ८५.२५ |
| २ | सुनिल स्मृति गाउँपालिका | ८१.७५ |
| ३ | त्रिवेणी गाउँपालिका | ८०.७५ |
| ४ | परिवर्तन गाउँपालिका | ८०.२५ |
| ५ | लुङ्ग्री गाउँपालिका | ७५.२५ |
| ६ | सुनछहरी गाउँपालिका | ७४.०० |
| ७ | गंगादेव गाउँपालिका | ६९.०० |
| ८ | रुन्टीगढी गाउँपालिका | ६६.२५ |
| ९ | माडी गाउँपालिका | ६२.०० |
| १० | थवाङ गाउँपालिका | ६०.७५ |

© NepalFusion

## राजश्व शाखा



# रोल्पा नगरपालिकाको राजश्व ५० लाख ६५ हजार रुपैया संकलन

धर्मराज डाँगी (राजश्व शाखा प्रमुख)

रोल्पा नगरपालिकाको राजश्व शाखाबाट आर्थिक बर्ष २०८०/०८१ को पहिलो चौमासिकको श्रावण महिनामा अनलाईन माध्यमबाट राजश्व संकलन गर्नका लागि शुत्र मोडेल चलाउनको लागि १० वटै वडाका वडा सचिवहरुलाई १ दिने अभिमूखिकरण तालिम सम्पन्न भएको छ । यस आर्थिक बर्षको पहिलो चौमासिकमा राजश्व शाखाबाट आन्तरिक राजश्व तर्फ ४३ लाख ६५ हजार र बालुवा गिट्टीबाट ७ लाख रुपैया राजश्व संकलन भएको छ ।

## महिला बालबालिका शाखा



# स्वास्थ्य बिमा तथा परिचयपत्र वितरण र पहिचान हुन नसकेको मानव कंकाललाई व्यवस्थापन

पवित्रा बुढा

महिला बालबालिका शाखाबाट आ.ब. २०८०/०८१ को पहिलो चौमासिकमा ३ सय २८ जनाको स्वास्थ्य बिमा गरिएको छ । साथै २० जना नयाँ तथा नविकरण अपाङ्ता परिचय पत्र पनि वितरण गरिएको छ ।

त्यसैगरी रोल्पा नगरपालिका महिला बालबालिका शाखाको सहकार्यमा रोल्पा जिल्ला सुनछहरी गाउँपालिका -७, निसाना जंगलमा भेटिएको पहिचान हुन नसकेको मानव कंकाललाई पहिचान नभएका तथा बेवारिसे व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम जिल्ला प्रहरी कार्यालय रोल्पासँगको सहकार्यमा रोल्पा अस्पताल रेउघाको शव गृहमा व्यवस्थापन गरिएको ।

पेज १ बाट क्रमश : ...

## रोल्पा नगरपालिका ...

त्यसैगरी वडागत रुपमा १ नं वडाको जनसंख्या पुरुषको १ हजार ५ सय ५५ रहेको छ भने महिलाको संख्या १ हजार ९ सय ६२ रहेको छ । २ नं. वडा कार्यालयको महिलाको संख्या २ हजार ८ सय ५४ र पुरुषको २ हजार ३ सय ३०, वडा नं ३ को १ हजार ४ सय ४० महिला र पुरुष १ हजार १ सय ७९, वडा नं ४ को २ हजार ४ सय ८ महिला, २ हजार १ सय ४७ पुरुष, ५ नं वडाको महिला संख्या १ हजार २ सय ९५, पुरुष १ हजार ८४ जना रहेको छ त्यसैगरी वडा नं. ६ को महिलाको संख्या १ हजार ८ सय ८९, पुरुषको १ हजार ५ सय १८, ७ नं. वडाको १ हजार ३ सय ५६ महिलाको १ हजार ७५ पुरुष, वडा नं ८ मा १ हजार ४८ महिला र ८ सय ९१ पुरुष रहेको छ ।

त्यसगरी वडा नं. ९ मा महिला २ हजार ८० र पुरुष १ हजार ८ सय २५ र वडा नं १० मा २ हजार ८ सय ८६ महिला र २ हजार ५ सय ५४ पुरुष रहेको छ । त्यसैगरी ८२.४ प्रतिशत जन्मदर्ता भएका छन् भने १७.६ प्रतिशत व्यक्तिले जन्मदर्ता नभएका व्यक्ति रहेको तथ्याङ्क रहेको छ ।



